# आधारभूत तह शिक्षा उत्तीर्ण परीक्षा, २०८२

वीरेन्द्रनगर नगरपालिका, सुर्खेत

कक्षा: ८ (आठ) पूर्णाङ्क: ५०

विषय: सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा समय: २ घण्टा

## समूह-क

तलका प्रश्नहरूको अति छोटो उत्तर लेख्नुहोस्। ९×१=९

प्र.नं. १. विकासका पूर्वाधार भनेको के हो ? लेख्नुहोस्।

प्र.नं. २. वडघर कुन समुदायमा प्रचलित सामाजिक परम्परा हो ?

प्र.नं. ३. तपाईंको समुदायमा धार्मिक सद्भाव कायम गर्न तपाईंले गर्न सक्ने एउटा उपाय लेख्नुहोस्।

प्र.नं. ४. सुशासन भनेको के हो ?

प्र.नं. ५. दाइजो प्रथाविरुद्ध जनचेतना जगाउनको लागि एउटा प्लेकार्ड तयार तयार पार्नुहोस्।

प्र.नं. ६. कक्षा कोठामा उत्पन्न विवाद समाधानमा तपाईंले खेल्नु भएको कुनै एक भूमिका लेख्नुहोस्।

प्र.नं. ७. मौद्रिक कारोबार भनेको के हो ?

प्र.नं. ८. नेपाली नोटको जतन गर्न तपाईंले कस्तो तरिका अपनाउँदै आउनु भएको छ ? एक वाक्यमा लेख्नुहोस्।

प्र.नं. ९. साइवर अपराधबाट बच्न अपनाउनु पर्ने कुनै एउटा सावधानी लेख्नुहोस्।

## समूह-ख

**तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस्।** **७×३=२१**

प्र.नं. १०. शिक्षाले तपाईंको जीवनमा पारेका कुनै तीनवटा सकारात्मक प्रभावहरू लेख्नुहोस्।

प्र.नं. ११. राष्ट्रिय सम्पदाको संरक्षण गर्ने कुनै तीनवटा उपायहरू लेख्नुहोस्।

प्र.नं. १२. द्वन्द्व भनेको के हो ? द्वन्द्व उत्पन्न हुनुका कुनै दुईवटा कारणहरू लेख्नुहोस्। १+२=३

प्र.नं. १३. सहिद भनेर कस्ता व्यक्तिलाई भनिन्छ ? हामीले सहिदहरूलाई किन सम्मान गर्नुपर्छ ? आफ्नो धारणा व्यक्त गर्नुहोस्। १+२=३

प्र.नं. १४. जलवायु परिवर्तनका कुनै तीनवटा असरहरू लेख्नुहोस्।

प्र.नं. १५. नेपालमा जनसङ्ख्याको समानुपातिक वितरण हुन नसक्नुका कुनै तीनवटा कारणहरू लेख्नुहोस्।

प्र.नं. १६. तपाईंको समुदाय, देश र विश्वमा हालसालै घटेको कुनै एउटा समसामयिक घटनाको बारेमा लेख्नुहोस्।

## समूह-ग

**तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस्।** **४×५=२०**

प्र.नं. १७. समावेशीकरण भनेको के हो ? समावेशीकरणको आवश्यकता पर्नुका कुनै चारवटा कारणहरू लेख्नुहोस्। १+४=५

(क्रमशः)

प्र.नं: १८. पुनर्जागरण भनेको के हो ? पुनर्जागरणका कुनै चारवटा कारणहरू लेख्नुहोस् । १+४=५

प्र.नं. १९. वैदेशिक रोजगार भनेको के हो ? वैदेशिक रोजगारीमा जाँदा नेपालीहरूले भोग्नु परेका कुनै चार वटा समस्याहरू लेख्नुहोस् । १+४=५

प्र.नं. २०. पृष्ठ भरिने गरी नेपालको नक्सा बनाई दिइएका तथ्यहरूलाई उपयुक्त संकेतको प्रयोग गरी नक्सामा भर्नुहोस् । ३+२=५

- बुलबुले ताल
- सैपाल हिमाल

~ समाप्त ~